मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र धनुषा

फोन नं ०४१-४२०१६८/४२३३३९
ईमेल akcdhanusha.chief@gmail.com

पत्र संख्या २०८१/८२
च नं

मधेश प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र धनुषा
जनकपुरधाम,नेपाल

मिति २०८१/६/१३

प्रथम पटक प्रकाशित मिति २०८१।०६।१४

च्याउ प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धि विस्तृत सूचना ।

यस कृषि ज्ञान केन्द्र,धनुषाको आ.व. २०८१।०८२ को लागि सञ्चालन हुने च्याउ प्रवर्द्धन कार्यक्रमको लागि यस जिल्ला भित्रका कृषक कृषक समूह कृषि सहकारीहरुले २०८१/७/७ गते सम्म यस कार्यालयमा आवश्यक कागजात सहित तोकिएको ढाँचामा खामबन्दी प्रस्ताव पेश गर्न यो सुचना प्रकाशन गरिएको छ ।

| मापदण्ड | कृषकको हकमा | कृषि समूह कृषि सहकारी को हकमा |
|---|---|---|
| च्याउ प्रवर्द्धन कार्यक्रम | कम्तिमा १०० के.जी बीउ प्रयोग गरी च्याउ उत्पादन गर्न इच्छुक कृषक | न्यूनतम १००० के.जी बीउ प्रयोग गर्न इच्छुक |

आवश्यक कागजातहरु

१ कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा रु १० को हुलाक टिकट टाँस गरेको कार्यालयले निर्दिष्ट गरेको निवेदन ।

२ कृषक समूह कृषि सहकारी हकमा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि,आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,स्थाई लेखा प्रमाण पत्रको प्रतिलिपि,सम्बन्धित कृषक समूह/कृषि सहकारीको कार्यक्रम माग सम्बन्धित निर्णय स्वय प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

३. कृषक समूह/कृषि सहकारीको हकमा प्रस्ताव पेश गर्न जिम्मेवारी दिई खटाइएका पदाधिकारीको अख्तियारी पत्र तथा सञ्चालक समितिको नागरिकता प्रमाण पत्रको फोटोकॉपि स्वय प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

४ कृषकको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि र स्थाई लेखा प्रमाण पत्रको प्रतिलिपि स्वय प्रमाणित गरि पेश गर्नुपर्नेछ ।

५ समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायवाट यस वर्ष वा विगत २ वर्ष भित्र अनुदान नलिएको स्व-घोषणा पत्र ।

६ स्थानीय निकायमा रहेको कृषि विकास शाखाको सिफारिस पत्र ।

७ माग गरिएको योजनाको लागत इस्टिमेट,कार्ययोजना,श्रोत सुनिश्चितता र आफ्नो लगानी अनुपातको प्रतिवद्धता पत्र पेश गर्नुपर्नेछ ।

८ परियोजना स्थलको नक्सा/कलर फोटो ।

९. अनुदानका शर्तहरु

डा. रामचन्द्र यादव
प्रमुख
रा.प. द्वितीय तह दशौं

CS CamScanner

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र धनुषा

फोन नं ०४१-५२०१४८ /५२३७३९
इमेल akcdhanusha.chief@gmail.com

पत्र संख्या : २०८१/८२
च न

मिति २०८१ /६ /१३

- उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम :- च्याउ बीउ ,बल,कम्पोष्ट तथा प्याकिङ्ग प्लाष्टिक लगायतका उत्पादन सामाग्री,च्याउ उत्पादन सम्बद्ध कृषि यन्त्र उपकरण तथा पूर्वाधार,तालिम तथा क्षमता अभिवृद्धि ।
- उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम :-प्रशोधन,प्याकेजिङ्ग,भण्डारण,लेवलिङ्ग लगायत पोष्ट हार्भेष्ट उपकरण तथा भौतिक निर्माण सम्बद्ध कार्य ।
- यस कार्यक्रम अन्तर्गत सविकृत बजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप /घट हुनेछ ।
- झुठो विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै वेला आवेदन/निवेदन रद्ध हुने छ ।
- अधिकतम् अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि,२०७६ मा व्यवस्था भए बमोजिम कायम हुनेछ ।
- प्रस्ताव स्वीकृत गर्ने सम्बनधी सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहने छ ।
- थप जानकारीका लागि यस कृषि ज्ञान केन्द्रको कृषि प्रसार शाखा,केन्द्रको वेवसाइट **www.akcdhanusha.gov.np** ,स्थानीय तहबाट प्राप्त गर्न सकिन्छ । विशेष जानकारीको लागि को सम्पर्क मोवाइल नं ९८४४९६३९२५,९८००८५८५९२

डा. रामचन्द्र यादव
प्रमुख
रा.प्र.द्वितिय

CamScanner